# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# मेलौली नगरपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. ५४४

मिति: २०७७/०३/२८

विषय: लेखापरीक्षण प्रतिवेदन ।


श्री प्रमुखज्यू,
मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ५४५

मितिः २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
मेलौली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मेलौली नगरपालिका, वैतडी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ६५ लाख ६० हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. ७ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३२ लाख १२ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. ८१ लाख ३१ हजार तथा पेश्की बाँकी रु. ४४ लाख ६५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/५/२९** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १८ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्तालगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीयविवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**मेलौली नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कृयाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.न. | बजेट शिर्शक | निकाशा | सि.न. | खर्च शिर्शक | खर्च |
| १ | बितीय समानीकरण केन्द्र | ८६००००००।०० | १ | चालू खर्च | ७८५३१६५९।४१ |
| २ | राजश्व वाडफाड केन्द्र | ५२४३१६०४।५६ | २ | पूजीगत खर्च | १०७२४८०९४।०० |
| ३ | राजश्व वाडफाड प्रदेश | ८०८६६८।५७ | ३ | समपूरक अनुदान केन्द | २६०२११२।०० |
| ४ | वित्तीय समानीकरण प्रदेश | ६७७१०००।०० | ४ | बिशेष अनूदान केन्द्र | ३८५३६३९।०० |
| ५ | सशर्त अनूदान केन्द्र | १५०८९२९४३।०२ | ५ | बिशेष अनूदान प्रदेश | १५१७१०१।०० |
| ६ | शशर्त अनूदान प्रदेश | ०।०० | ६ | प्रदेश शिक्षा | ८६००००।०० |
| ७ | समपूरक अनुदान केन्द | १६०४१०००।०० | ७ | रा.यो आयोग प्रदेश | २०९४००।०० |
| ८ | बिशेष अनूदान केन्द्र | २५००००००।०० | ८ | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | ३४६५०००।०० |
| ९ | बिशेष अनूदान प्रदेश | ४२००००००।०० | ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४३१०८९६।०० |
| १० | प्रदेश शिक्षा | ८६००००।०० | १० | LGCDP | ३०५०००।०० |
| ११ | रा.यो आयोग प्रदेश | २०९४००।०० | ११ | झो.पू क्षेत्रगत कार्यक्रम | २८०००००।०० |
| १२ | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | ३४६५०००।०० | १२ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४२४०००।०० |
| १३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४३१०८९६।०० | १३ | सामाजिक सूरक्षा कार्यक्रम | ४२६२२०००।०० |
| १४ | LGCDP | ३०५०००।०० | १४ | सशर्त अनूदान | १४९८७८४१०।०० |
| १५ | झो.पू क्षेत्रगत कार्यक्रम | २८०००००।०० | १५ | आन्तरिक आम्दानी खर्च | ५६४१९३।०० |
| १६ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४२४०००।०० | १६ | | |
| १७ | सामाजिक सूरक्षा कार्यक्रम | ४२७२००००।०० | १७ | प्रदेश सशर्त खर्च | ३३६०००।०० |
| १८ | आन्तरिक आम्दानी | ३१२७३९३।०० | १८ | गत आ.ब.को चालू खर्च | ६६२९८३।०० |
| १९ | सडक बोर्ड नेपाल | ३३५५१३७।०० | १९ | सडक बोर्ड नेपाल | ३२४४१९७।०० |
| २० | मालपोत बाट प्राप्त रकम | २७७०२९।०० | | | |
| २१ | गतको पेश्की फिर्ता | २१२८८५।०० | | | |
| | गतको बैक मौज्दात | ५०८३३४४३।२८ | क | यस आ.ब. को बैक मौज्दात | ५१६१०७१५।०२ |
| | जम्मा आम्दानी | ४५३५२५३९९।४३ | | | ४५३५२५३९९।४३ |

**कार्यालयः-** मेलौली नगरपालिका, बैतडी । **आर्थिक वर्ष :**२०७५।७६

| सि. नं. | भौ.नं.र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|---|
| १. | | **अख्तियारी** :- सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगर सभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मावारी बनाउनु पर्दछ । | |
| २. | | **श्रोतको अनुमान तथा बजेट सीमाः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपन गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ३. | | **लेखा ढाँचा** :-सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँ लेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागुभैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| ४. | | **पेश्की व्यवस्थापनः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित एक आर्थिक वर्षमा गएको पेश्कीको रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा वाँकी पेश्की रकमको नामनामेसी सहितको के के वापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी सारी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजना तथा कार्यक्रममा गत वर्ष गएको पेश्कीको जिम्मेवारी यथार्थपरक रुपमा सारेको छैन । गत वर्षको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन वमोजिम रु २३३,२६,६६९।- पेश्की बाँकी रहेकोमा कार्यालयले रु १,१७,१६,२७०।- मात्र पेश्की जिम्मेवारी सारेको छ । | |

| | | | |
|---|---|---|---|
| | | वजेट शिर्षक अनुसार चालु र पूजीगत शिर्षकको समेत पेश्की गएको र फछ्र्यौट भएको मिति समेत खुल्ने गरी पेश्की खाता तयार गरेको छैन । नियमावलीले गरेको व्यवस्था बमोजिम सबै शिर्षकको पेश्की बाँकी विवरण समेत देखिनेगरी पेश्की खाता अद्यावधिक गरी राख्नुपर्दछ । चालु कार्यक्रमबाट गएको पेश्की पूँजीगत तर्फ फछ्र्यौट गरेको र पूँजीगत तर्फबाट गएको पेश्की चालु तर्फ फछ्र्यौट गरेको स्थिति छ । | |
| ५. | | **जिन्सी मूल्याङ्कन प्रतिवेदनः-** सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्याविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा ४८ मा कार्यालयले आफ्नो कार्यालयमा रहेको र खरिद गरे वा नगरे वा कुनै प्रकारले हस्तान्तरण भई आएका जिन्सी मालसामानको अध्यावधिक विवरण तयार गर्नुपर्ने र सो जिन्सी मालसामानको जिन्सी मूल्याङ्कन प्रतिवेदन लिई राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपर्युक्त ऐनको मनसाय वमोजिम जिन्सी प्रतिवेदन लिएको छैन । जिन्सी मालसामानको मूल्याङ्कन गरी जिन्सी प्रतिवेदन लिई राख्नुपर्दछ । | |
| ६. | | **गुरुयोजना तथा वार्षिक योजना :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा माथिको खरिदको हकमा गुरुयोजना र वार्षिक खरिद योजना बनाएको छैन । | |
| ७. | | **तलबि प्रतिवेदन :-** नगरपालिका र नगरपालिका अन्तर्गतका स्वस्थ्य, शिक्षा, कृषि, महिला लगायत सबै निकायमा कार्यरत स्थायी कर्मचारीको वार्षिक रुपमा तलवि प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । नगरपालिकाले यो वर्ष कसैको पनि तलवि प्रतिबेदन पास नगरी तलबभत्तामा रु. ८ करोड ६० लाख खर्च लेखेको छ । | |
| ८. | | **आन्तरिक नियन्त्रण प्रणालिः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेट्नु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ९. | | **आन्तरिक लेखा परिक्षण :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा७७ मा स्थानीयतहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु | |

| | | | |
|---|---|---|---|
| | | पर्ने, आन्तरिक लेखापरिक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै सम्परिक्षण गराउनु पर्नेछ भने व्यवस्था छ । नगरपालिकले आफ्नो आयव्ययको आन्तरिक लेखापरिक्षण समयमा नै सम्पन्न गरी सो को प्रतिवेदन अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै प्राप्त गरी सम्परिक्षण गराएको अवस्था छैन । ऐनले गरेको व्यवस्था बमोजिम स्थानिय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण समयमा नै सम्पन्न गरी अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरिक्षणले औल्यएको कैफियतहरुको सम्परिक्षण गरि सक्ने व्यवस्था अवलम्वन गर्नुपर्दछ । | |
| | | **कार्यक्रम तथा योजना संचालन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन :** | |
| १०. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अाधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकासको लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजी प्रकृतिका योजनाहरु रहेका छन । बजेट तथा कार्यक्रम स्वीकृत गर्दाको समयका योजना तथा कार्यक्रमको रकम समेत आर्थिक वर्षको अन्तमा रकमान्तर गरी स-साना योजनामा र वितरणमुखि कार्यक्रममा खर्च भएको स्थिति छ । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादन मूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ११. | | **बजेट भन्दा बढी खर्चः-** ३७/२०७५।०६।२६ नगरपालिकाले आगामी आर्थिक वर्षको लागि प्रस्तावित कार्यक्रम र वजेटलाई ध्यान दिई स्वीकृत वजेटको दायराभित्र रही खर्च गर्नुपर्दछ । गंगेश्वर वेताल निर्माण सेवावाट कार्य गराएको मेलौली नगरपालिकाको भवन निर्माण स्वरुप यो वर्ष रु. २०,००,०००।- पेश्की फछ्र्यौट गरी रु ७०,७३,४३५।- भुक्तानी गरेको छ । वजेट स्वीकृत गर्दा रु. २०,००,०००।- प्रस्ताव गरिएकोमा वजेट भन्दा रु. ५०,७३,४३५।- बढी खर्च गरेको नियमित गर्नुपर्दछ ।<br>भवनको यस अघि कार्य भए नभएको, कार्य सम्पन्न गर्ने अवधि, कामको मूल्याङ्कन, अनुगमन समितिको मूल्याङ्कन लगायतका कागजात समेत लेखापरीक्षणको समयमा प्राप्त भएको छैन । | ५०७३४३५.०० |

| | | | |
|---|---|---|---|
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहाय बमोजिम छन् :-** | |
| १२. | | **नगरपालिका (चालु)**<br>**पदाधिकारीको सेवा सुविधा :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीयतहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक दिने व्यवस्था उल्लेख छ । यो वर्ष नगरपालिकाले राजस्व बाँडफाँड अन्तर्गत पदाधिकारीको पारिश्रमिकमा रु. ६५,००,०००।- विनियोजन गरेको छ । नगरपालिकाको आन्तरिक आय रु. ३१,२७,३९३।- मात्र रहेको अवस्थामा पदाधिकारीको पारिश्रमिक रु.५,८६,१२६०।- खर्च भएको छ । नगरपालिकाले आफ्नो आन्तरिक श्रोत वृद्धि गरी उपर्युक्त ऐनको मनसाय बमोजिम आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक दिने व्यवस्था गर्नु पर्दछ । | |
| १३. | | **स्थानीय संचित कोष :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकि रहेको रकम आर्थिक वर्षको अन्तमा नगरपालिकाको संचित कोषमा स्वतः जम्मा हुनेछ भन्ने व्यवस्था छ । नगरपालिकाले मूलकोषबाट निकासा लिई खर्च खातामा आम्दानी गरी खर्च गर्ने गरेको छ । आर्थिक वर्षको अन्तमा संघीय संचित कोष तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम बाहेक अन्य शिर्षकहरुको बाँकि रकम स्वतः नगरपालिकाको संचित कोष (मूलखाता) मा जम्मा हुनुपर्नेमा सो अनुसार जम्मा भएको छैन । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिम स्वत : संचित कोषमा जम्माहुने व्यवस्था गर्नुपर्दछ । नगरपालिकाले राष्ट्रिय वाणिज्य वैङ्क गोठालापानी र एन.सि.सि. बैङ्क मेलौलीमा दुवै ठाँउमा दुईवटा मूल खाता र दुईवटा खर्च खाता खोलेको छ । दुवै खाता मर्जगरी एउटै स्थानीय संचितकोष तथा खर्च खाताको रुपमा मूलकोषको व्यवस्था गर्नुपर्दछ । | |
| १४. | | **विदुर भत्ताः-** ज्येष्ठ नागरिक सम्मान र सुरक्षाको दृष्टिकोणले संघिय सरकारले ज्येष्ठ नागरिक, विधवा तथा एकल महिलाको लागी सामाजिक सुरक्षा अन्तर्गत विदुर भत्ताको व्यवस्था गरेको छ । संघिय सरकारले गरेको मापदण्ड भन्दा फरक रुपमा यस नगरपालिकाले ६०-७० वर्ष विचका एकल पुरुष (विदुर) को लागी सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको छ । यस निर्णय अन्तर्गत यो वर्ष रु. १५,००,०००।- वजेट व्यवस्था भएकोमा रु. १२,८०,०००।- खर्च गरेको छ । मासिक रु. १,०००।- को दरले भुक्तानी भएको यस कार्यक्रम संघिय सरकारले घोषणा गरेको नीति भन्दा फरक रहेको छ । | |
| १५. | | **समपुरक कोष (संघ)**<br>**अनुसन्धान तथा परामर्श सेवाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६ क. वमोजिमको मौजुदा सूचीमा | |

<table>
<tr><td></td><td></td><td>रहेको परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था उल्लेख छ । प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा माग गर्नुपर्ने र सो प्रस्ताव मूल्याङ्कनविधि गुणस्तर र लागत विधि अनुसार छनौट गर्नुपर्नेछ भन्ने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिकाले देहाय वमोजिमका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न लगाई रु. ४७,२६,७१७- भुक्तानी गरेको छ । उपर्युक्त सडकहरुमा परामर्शदाता छनौट गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीले उल्लेख गरे वमोजिमको कुनै प्रक्रिया अवलम्वन गरेको देखिएन । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भुक्तानी दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>सडकको नाम</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>१/२०७६।०२।१४</td><td>घरेलु जर्कु सडक हरदाखाना सिम्दोरवडा सडक</td><td>-</td><td>१६९५०००.००</td></tr>
<tr><td>४/२०७६।०२।३१</td><td>लामालेक-खालिगाड तितावै सडक लामालेक-पेल्पा-ढणौन सडक</td><td>क्यानभास एस्ट्रोट जे.भी.</td><td>१०४१४०८.००</td></tr>
<tr><td>५/२०७६।०२।३१</td><td></td><td>Xenon Civil Planner Pvt. Ltd.</td><td>१९९०३०९.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४७२६७१७.००</td></tr>
</table>
</td><td>४७२६७१७.००</td></tr>
<tr><td>१६.</td><td></td><td><u>कन्टेजेन्सी</u>:- ८१/२०७५।०९।१५ नगरपालिकाले नगरपालिका पूँजीगत कार्यक्रमबाट विभिन्न सर्भे तथा डिजाइन गर्नको लागी रु. ६,५०,०००।- इन्जीनियर श्री रोशन वहादुर चन्दलाई पेश्की उपलब्ध गराएको छ । नगरपालिकाको कामको लागी नियुक्त भएको कर्मचारीले परामर्शदाताले जस्तो गरी प्रति कि.मी.को रु. ३३,८१४।- दरले ४२.६ कि.मी. सडकको सर्भे कार्य रु. १४,४०,४९६।- मा गर्ने गरी पेश्की लिएको छ । कार्यालयको कामको लागी नगरपालिकाले आवश्यक ठानेको सडक सर्भेको लागी भ्रमण आदेश भरी दैनिक भ्रमण भत्ता भुक्तानी पाउने गरी कार्य सम्पादन गर्नुपर्दछ । आफु कार्यरत कार्यालयमा एकमुष्ठ रकम प्राप्त गर्नेगरी काम लगाउने तथा कार्यको जिम्मेवारी लिने दुवै कार्य नियमसंगत देखिदैन । नगरपालिकाको निर्णय वमोजिम आफ्नो कार्यालयको जनशक्तिले नियमानुसार कार्य गर्दा नभ्याएको खण्डमा सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेको व्यवस्था वमोजिम कार्य गर्ने गर्नुपर्दछ । मिति २०७५।०९।१५ मा गएको पेश्की रकम लेखा परीक्षणको समय २०७६।०५।२० गते सम्म फछ्र्यौट नभै बाँकी रही रहेको छ । साथै नगरपालिकाले पटक पटक कन्टेन्जेन्सी खर्च गर्दै आइरहेको छ । योजना अनुसार के कति खर्च गर्न पाउने हो सो को कन्टेन्जेन्सी अभिलेख राखेको छैन ।</td><td></td></tr>
<tr><td>१७.</td><td></td><td><u>ठेक्का व्यवस्थापन</u>:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा सार्वजनिक</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>निकायले स्वीकृत कार्यक्रम र खरिद योजनाअनुसार वीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आह्वानगरी खरिद गर्न सक्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहाय वमोजिमको भुक्तानीमा ठेक्का व्यवस्थापन गरी कार्य गराईएकोमा ठेक्का व्यवस्थापनको कागजात सूचना देखि निर्माण व्यवसायीको छनौट तथा सम्झौता भएको कागजात समेत लेखापरीक्षणमा पेश भएको छैन । ठेक्का व्यवस्थापनको न्यूनतम कागजात समेत नराखी रु. ६१,९५,५०५।- भुक्तानी भएकोमा सो को सम्पूर्ण कागजात पेश गरी नियमित गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्य</th><th>निर्माण व्यवसायी</th><th>रकम रु</th></tr>
<tr><td>२/२०७६।०२।२६</td><td>लामालेक-खालिगाड सडक निर्माण</td><td>प्रमोद कन्सट्रकसन</td><td>७०००००.००</td></tr>
<tr><td>७/२०७६।०३।३१</td><td>घरेलु-द्वारसैनी जारु सडक ट्र्याक खोल्ने कार्य</td><td>एस. के. निर्माण सेवा</td><td>५२२९६३.००</td></tr>
<tr><td>८/२०७६।०३।२६</td><td>हरदाखाना-सिम्दोरगडा सडक</td><td>आस्था मोवाईल एण्ड इलेक्ट्रोनिक्स सेन्टर तथा ठगुन्ना नि. से.</td><td>१६९५०००.००</td></tr>
<tr><td>९/२०७६।०३।२७</td><td>हरदाखाना- कोल्तडी सडक</td><td>शाही निर्माण सेवा</td><td>१२६२२२६.००</td></tr>
<tr><td>११/२०७६।०३।३१</td><td>स्वाखानी नेत्रज्योति चापगाड सडक</td><td>------</td><td>३७८२७९.००</td></tr>
<tr><td>१२/२०७६।०३।३१</td><td>स्वाखानी - धनखोला सडक</td><td>शिवनाथ कन्सट्रक्सन एण्ड वालक सप्लायर्स</td><td>१६६५२३.००</td></tr>
<tr><td>१४/२०७६।०३।३१</td><td>घरेलु जर्कु सडक(दोश्रो रनिङ्ग विल)</td><td>एस. के. निर्माण सेवा</td><td>१४७०५१४.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१९५५०५.००</td></tr>
</table>
</td>
<td>६१९५५०५.००</td>
</tr>
<tr>
<td></td>
<td></td>
<td>एस. के. निर्माण सेवाको प्रथम विल रु. ५,२२,९६३।- को मा मिति २०७६।०३।११ मा कर विजक नं.१७० जारी गरेको छ । भने दोश्रो रनिङ्ग विलमा मिति २०७६।०३।३१ मा विजक नं. १३७ प्रयोग गरेकोले दुवै विलवाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्वन्धित राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>१८.</td>
<td></td>
<td><u>मूल्य अभिवृद्धिकर दाखिला नभएको:-</u> संघिय सरकार/नेपाल सरकारको आर्थिक ऐन, २०७६ ले मिति २०७६ जेष्ठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५०% मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्य अभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले माथी उल्लेखित वुँदा नं. १६ र १७ मा उल्लेखित परामर्शदाता र निर्माण व्यवसायीलाई भएको मूल्य अभिवृद्धि कर रु.८,४८,९२७।- भुक्तानी भएकोमा मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।</td>
<td>८४८९२७.००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td>● समपुरक कोष(संघ)को मा वजेटवाट नगरपालिकाले रु. १,१४,३४,४३६।- खर्च गरेकोमा कोषको निर्देशिका भित्र नपरेको खर्च रु ८८,३२,३२४।- यस शिर्षकवाट नगरपालिकाको पूजीगत तर्फ ट्रान्सफर गरेको छ । यस कोषमा रु. २६,०२,११२।- मात्र कायम भएको छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td></td><td>सशर्त(शिक्षा)<br>कार्यसम्पन्न पेश गर्नुपर्नेः- विधालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ मा विद्यालयहरुलाई भवन निर्माणको लागी विद्यालयसंग सम्झौता गरी कामको आधारमा रकम निकासा दिनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष देहाय वमोजिमका विद्यालयहरुलाई रु ३६,००,०००।- भवन निर्माण तर्फ निकासा दिएकोमा कामको नापी किताव भरेर कामको आधारमा निकासा दिएको छैन । आर्थिक वर्षको अन्तसम्म विद्यालयहरुलाई गएको रकमको कार्यसम्पन्न पेश गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विद्यालय</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>२२/२०७६।०३।२७</td><td>विशालपुर मा.वि. विशालपुर</td><td>भवन निर्माण</td><td>१८००००००.००</td></tr>
<tr><td>२२/२०७६।०३।२७</td><td>केदारेश्वर मा.वि. सलेना</td><td>भवन निर्माण</td><td>१८००००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६००००००.००</td></tr>
</table></td><td>३६,००,०००.००</td></tr>
<tr><td>२०.</td><td></td><td>प्रसुति केन्द्रमा अ.न.मि. नियुक्तः- स्वास्थय तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको कार्य संचालन मार्गदर्शन २०७५।७६ मा परिवार स्वास्थ्य कार्यक्रममा उल्लेख भए अनुसार करारमा अ.न.मी नियुक्त गर्दा प्रसुति केन्द्र (Birthing centre) हरुमा २४ सै घण्टा प्रसुति सेवा संचालन गर्ने गरी व्यवस्थापन गर्ने, करार सेवा सम्झौता अनुसार TOR बनाई अनुभवि अ.न.मी. लाई प्राथमिकता दिनुपर्ने, बढी प्रसुति केस भएको ठाँउमा पठाउने, वार्षिक ५ जना भन्दा कम प्रसुति केस भएको ठाँउमा नपाउने व्यवस्था गरेको छ । प्रसुति सेवामा गुणस्तरमा कमि नहोस भनि मासिक तलब रु.२२१७०।- निर्धारण गरिएको छ । नगरपालिकाले यस कार्यक्रममा रु. १७,४९,२८०।- खर्च गरेको छ । स्वास्थ्य संस्थामा यस कार्यक्रमबाट अ.न.मी. वाहेक अ.हे.व. तथा कार्यालय सहयोगी समेत नियुक्त गरी भुक्तानी गरेको छ । वार्षिक ५ जना भन्दा कम केस भएको ठाँउमा समेत अ.न.मी. नियुक्त गरेको कार्यक्रमले रु. २२१७०।- मासिक तलब उपलब्ध गराउनु पर्नेमा मासिक रु.१६,८२०।- मात्र उपलब्ध गराएको छ । निर्देशिकाले गरेको व्यवस्था बमोजिम प्रसुति सेवालाई अरु बढी प्रभावकारी हुने किसिमबाट कार्यक्रम संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td></td><td>सोझै खरिदः- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले २० (विस) लाख रुँपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्नेछ भने व्यवस्था गरेको छ । नगरपालिकाले औषधि खरिद तर्फ रु. १४,३६,४९९।- वरावरको औषधि सोझै</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>खरिद गरेको छ । आवश्यकताको आधारमा नियमावलीले गरेको व्यवस्था अनुसार औषधि खरिद गरी स्वास्थ्य संस्थामा औषधिको आपूर्तिमा कमी नहुने गरी व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td></td><td><u>अनुगमन प्रतिवेदनः-</u> ३१/२०७६।०३।२४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहको स्वास्थ्य तर्फ कार्यक्रम संचालन निर्देशिकामा उल्लेख भए अनुसार सम्पादित कार्यको अनुगमन प्रतिवेदन प्राप्त गर्नुपर्ने हुन्छ । कार्यालयले विभिन्न कार्यक्रम मध्ये औलो नियन्त्रण, रिङ्ग पेशरी लगायत कार्यक्रम स्वरुप रु. २,०३,५७९।- भुक्तानी गरेकोमा सो को अनुगमन प्रतिवेदन नभएको तथा खरिद गरिएका रिङ्ग पेशरी समेत खर्च नभै सवै कार्यालयमा मौज्दात रहेको रहेकोले सोको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td>२०३५७९.००</td></tr>
<tr><td>२३.</td><td></td><td><u>नगरपालिका पूँजीगत</u><br><u>सार्वजनिक निर्माणमा हेभी मेशिनको प्रयोगः-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाईने व्यहोरा उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिका भित्रका अधिकांश उपभोक्ता समितिले सडकको सामान्य (माटो काट्ने) काममा समेत हेभी मेशिन प्रयोग गरेका छन । हेभी मेशिन प्रयोग गरी सडक निर्माण कार्यमा भएको भुक्तानीको केही उदाहरण देहाय वमोजिम छन ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>सडक</th><th>मेशिन</th><th>रकम रु</th></tr>
<tr><td>३/२०७५।०५।१५</td><td>मेलौली सिम दोगडा पर्यटकिय सडक नि.उ.स.</td><td>मेलौली सिम दोगडा पर्यटकिय सडक</td><td>स्काभेटर</td><td>२२४९७८.००</td></tr>
<tr><td>६/२०७५।०५।१५</td><td>लामालेक श्वा ग्रामिण सडक उ.स.</td><td>लामालेक श्वा ग्रामिण सडक</td><td>स्काभेटर</td><td>९२९७३४.००</td></tr>
<tr><td>७/२०७५।०५।१५</td><td>लामालेक बतोल पेल्मा उ. स.</td><td>लामालेक बतोल पेल्मा</td><td>स्काभेटर</td><td>६६१३१८.००</td></tr>
<tr><td>१६३/२०७५।१२।१३</td><td>ऐच्छेकाँडा घदुन सडक उ.स.</td><td>ऐच्छेकाँडा घदुन सडक</td><td>स्काभेटर</td><td>१७९८७८१.००</td></tr>
<tr><td>२५१/२०७६।०२।३०</td><td>लामालेक सिरोडा पेल्मा ढणौन सडक उ. स.</td><td>लामालेक सिरोडा पेल्मा ढणौन सडक</td><td>स्काभेटर</td><td>१४२५०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td></td><td><u>दाहोरो कार्य</u> :- सूर्नैयागाड चौथो लघु जलविद्युत परियोजनाको च. न. २५ मिति २०७५।०३।२१ को पत्र वमोजिम विद्युतिय संरचना निर्माण कार्य रु. ८८,७८,७८४।- मा कार्यसम्पन्न भै कार्यसम्पन्न प्रतिवेदन पनि तयार गरी फरफारक भै सकेको देखिन्छ । सवै कार्य सम्पन्न भैसकेको मिति २०७५।०५।१५ अन्तिम विल भुक्तानी स्वरुप रु. ५२,४२,०००।- खर्च लेखिएको छ । गत आ.व.मा प्राप्त भएको आयोजनालाई क्रमागत</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | राखी प्राथमिकताको आधारमा वजेट वाडफाँड गरेको छैन । गत आ.व.मा काम भएको अवस्थामा गत वर्ष भुक्तानी भए/नभएको विवरण नगरपालिकाले राखेको छैन । गत वर्षको पेश्की वाँकी रु. २८,३३,०००।- मध्ये भुक्तानी विल पेश भएको अवस्थामा समेत रु.३,००,०००।- पेश्की वाँकी राखी रु.२५,३३,०००।- मात्र फछ्र्यौट गरेको छ । एक पटक योजनाको कार्यसम्पन्न भैसके पछी के काम कति वाँकी छ नखुलाई सोही संरचनामा रु. ८,५५,०००।- को कार्य गरेको देखाई नगरपालिका पूँजीगत तर्फवाट रु. ४,५५,०००।- र राष्ट्रिय ग्रामिण तथा नविकरणिय उर्जा कार्यक्रमवाट रु. ४,००,०००।- को कार्य गरेको उल्लेख गरी वाँकी रु.३,००,०००।- पेश्की समेत फछ्र्यौट गरी वाँकी रकम भूक्तानी गरेको छ । पेश्की वाँकी रहेको कारणवाट मात्र सोही संरचनामा काम गरेको देखाई खर्च लेखेकोले उक्त खर्च रकमलाई नियमित गर्नुपर्दछ ।<br>यो वर्ष रु.५,००,०००।- मात्र विनियोजन गरेको यस योजनामा पेश्की कट्टागरी रु.३२,६४,०००।- भुक्तानी गरेको छ । | ८५५०००.०० |
| २५. | | **<u>मोटरसाईकल खरिदः-</u>** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ख) मा सार्वजनिक निकायले सवारी साधन खरिद गर्दा क्याटलग सपिङ्गको माध्यम अपनाई मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको अधिकारिक विक्रेतालाई कम्तिमा ७(सात) दिन देखि वढीमा १५दिनको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सकिने उल्लेख छ । उत्पादक वा वितरक कम्पनीहरुको सूची तयार गर्नुपर्ने, उत्पादक कम्पनी वा अधिकृत विक्रेतावाट तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिकाले यस वर्ष रु. १४,७१,४००।- मा ६ थान मोटरसाईकल, स्कुटर यही क्याटलग सपिङ्ग विधि प्रयोग गरी खरिद गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम प्रतिस्पर्धा गरेको छैन । उत्पादक वा आधिकारीक विक्रेताको सूची तयार गरी प्रस्ताव माग गरेको छैन । उत्पादक कम्पनी वा आधिकारिक विक्रेता हो भने पहिचान सम्म नगरी एक पाटी साउद अटोमोटिक्स, डँडेलधुरा संग खरिद गरेको छ । कुन उत्पादक कम्पनीको आधिकारिक विक्रेता हो सो को पहिचान छैन । आधिकारीक कागजात समेत नराखी सामान्य कागजमा स्टाम्प प्रयोग गरी खरिद गरेको कार्यमा नियमको पालना नगरी खरिद कार्य गरेको अनियमित कार्यालाई नियमित गर्नुपर्दछ । | १४७१४००.०० |
| २६. | | **<u>IEE कार्यः-</u>** वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ मा सार्वजनिक निर्माण गर्नु अगाडी प्रस्तावित कार्यवाट पर्न सक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक, तथा साँस्कृतिक एवं यिनका अवयवहरु र अन्तर सम्वन्धमा पर्ने प्रभावहरुको वारेमा अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले लामालेक-खालिगाड-तितावै र लामालेक-पेल्मा-ढणौन सडकको IEE (Initial Environment Examination) कार्य डिजाईन कोड आर्किटेक्स एण्ड इन्जीनियर्स प्रा.लि. संग गराई रु. १४,४०,०००।- भुक्तानी गरेको छ । IEE गर्ने कार्यको लागी मिति २०७६।०१।०५ मा १५ दिनको सूचना प्रकाशन गरेको अवस्थामा सो फर्मसंग मिति २०७६।०१।०७ मा सम्झौता गरेको छ । प्रस्ताव आह्वान गरी सूचिकृत तथा छनौटको कार्य नभई प्रस्ताव दर्ता गर्ने समय पुरा नहुदै (DPR) सम्झौता भएको | |

| | | | |
|---|---|---|---|
| | | छ । IEE को कार्य पुरा नहुदै सोही सडक खण्डको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी मिति २०७६।०२।३१ मा रु. १०,४१,४०८।- भुक्तानी भएको छ । सोही सडक खण्डमा के कार्य गर्ने नखुलाई निर्माण कार्य , (DPR) र IEE तिनवटै कार्य भएको छ । IEE को प्रतिवेदन समेत प्राप्त नगरी सम्झौता वमोजिम भुक्तानीको मोडल नअपनाई सवै रकम भुक्तानी भएकोले कार्य गराउने प्रकृया नमिलेको , प्रस्तावदाताको छनौट प्रकृया नमिलेको , योजना संचालन भैरहेको , (DPR) मा खर्च भैसकेको अवस्थामा IEE को आवश्यकता के कसरी पऱ्यो आदी विषयहरु नखुलाई भएको अनियमित खर्च रकमलाई नियमित गर्नुपर्दछ । | १४४००००.०० |
| २७. | | **लक्षित कार्यक्रमः-** नगरपालिकाले लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण कार्यक्रम अन्तर्गत लक्षित कार्यक्रम महिला तथा वालवालिका सिपमूलक/क्षमतामुलक कार्यक्रमको लागि रु. १० लाख र दलितहरुको लागि आयमूलक कार्यक्रम /तथ्याङ्क संकलन तर्फ रु. ७ लाख वजेट विनियोजन गरेको छ । लैङ्गिक विकास तथा सामाजिक समावेशिकरण कार्यक्रम अन्तर्गत सो कार्यको कार्य योजना तयार गरी के कसरी लक्षित वर्गको सिप र क्षमता अभिवृद्धि हुन्छ सो को पहिचान गनुपर्दछ । लक्षित कार्यक्रममा वजेट विनियोजन गर्ने तर कार्य सम्पादन नगर्ने अवस्था देखिएको छ । यस कार्यक्रममा केवल दलितहरुको तथ्याङ्क संकलन गरेको एउटा प्रतिवेदन मात्र संलग्न गरी रु. ४,००,०००।- खर्च भएको छ । नगरपालिकाले यस्ता लक्षित कार्यक्रम संचालन गरी लक्षित वर्गको पहिचान, क्षमता अभिवृद्धि गर्ने कार्य सम्पादन गनुपर्नेमा ती कार्यक्रमहरु संचालन भएका छैनन । केवल वितरणमूखी कार्यक्रम मात्र भएको देखिन्छ । कार्यक्रमको उद्देश्य वमोजिम लैङ्गिक विकास तथा समावेशीकरण कार्यक्रमलाई बढी प्रभावकारी रुपमा सम्पादन गर्नुपर्दछ । | |
| २८. | | **पाइप वितरणः-** ३६०/२०७६।०३।२७ दुर्गास्थान खानेपानी योजनाको लागी नगरपालिकाले यो वर्ष रु. ८,४५,५००।- वजेट विनियोजन गरी खर्च गरेको छ । नगरपालिकाले उपभोक्ता समिति संग कार्यालयले तयार गरेको लागत अनुमानको आधारमा कार्यालयले ब्यहोर्ने र उपभोक्ताले ब्यहोर्ने अंश खुलाई सम्झौता गरी कार्य गराउनु पर्दछ । कामको प्राविधिक मूल्याङ्कन गरी कार्य सम्पन्नको आधारमा भुक्तानी गर्नुपर्दछ । उक्त योजनाको प्राविधिक मूल्याङ्कन बमोजिम रु २,१८,५००।- मात्र कार्यालयले व्यहोर्नुपर्नेमा प्राविधिक कामको मूल्याङ्कन नभएको र उपभोक्तालाई ११५०० मीटर पाइप खरिद गरी वितरण गरेको भर्पाई संलग्न गरी खर्च गरेको रकम योजना संग सम्वन्धित कार्यमा प्रयोग नभएकोले सो खर्च रु. ६,२७,०००।- अनियमित खर्च नियमित गर्नुपर्दछ । | ६२७०००.०० |
| २९. | | **प्राविधिक विधालय अनुदानः-** ३८१/२०७६।०३।३१ नगरपालिकाले प्राविधिक विधालय व्यवस्थापनको लागि श्री केदारेश्वर मा.वि. दुर्गास्थान लाई रु. ६,००,०००।- धरौटी स्वरुप अनुदान दिएको छ । आर्थिक वर्षको अन्तमा प्राविधिक विधालय व्यवस्थापन कार्यको लागि भनि धरौटीको रुपमा निकासा गरेको खर्चलाई नियमित कार्य मान्न नसकिएकाले असूल गर्नुपर्दछ । | ६०००००.०० |
| ३०. | | **आवश्यकताको आधारमा खरिद नभएको :-** ३८४/२०७६।०३।३१ सार्वजनिक निकायले आवश्यकताको पहिचान गरी सोही आधारमा खरिद प्रकृया गर्नुपर्दछ । नगरपालिकाले आर्थिक वर्षको अन्तमा रु. ५,३४,९९२।- वरावरको खानेपानी पाइप खरिद गरी कार्यालयमा मौज्दात राखेको छ । योजनाको पहिचान गरी उपभोक्ता समिति मार्फत कार्य | ५३४९९२.०० |

<table>
<tr><td></td><td></td><td>गराउनु पर्नेमा कार्यालयले खरिद गरी मौज्दात राखेको नियम सम्मत नभएको रकमलाई नियमित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td></td><td><u>नगरपालिका (चालु)</u><br><u>गाडी भाडाः-</u> सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९५ मा सार्वजनिक निकायले निकायको दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिन सक्ने व्यवस्था गरेको छ । नियमावलीको नियम ९३ वमोजिम भाडामा लिईने सवारी साधनको नियमावलीले गरेको व्यवस्था बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पाँच लाख रुँपैया भन्दा बढी शुल्क लाग्ने सेवा लिनको लागि सार्वजनिक निकायले सूचना प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमवाट सवैभन्दा घटी सेवा शुल्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सेवा करार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष पटक पटक गाडी भाडामा लिई रु. २२,८७,७००।- खर्च गरेको छ । नगरपालिकाको कामको लागी एक सवारी साधन अद्यावधिक रहेको, नगरपालिकाले सवारी मर्मत तर्फ रु. ११,४०,८९३।- र इन्धन तर्फ रु. १७,८७,९५२।- खर्च भएको अवस्थामा पटक पटक गाडी भाडामा लिई खर्च गर्नुपर्नाको कारण खुल्न सकेको छैन । कार्यालयको कामको आवश्यकताको आधारमा कार्यालयको सवारी साधनले कार्य सम्पादन गर्न नभ्याएको हकमा उपर्युक्त नियमले गरेको व्यवस्था वमोजिम लागत अनुमान तयार गरी सार्वजनिक सूचना आह्वान गरी प्रतिस्पर्धाको माध्यमवाट कार्य गराउनु पर्दछ । पटक पटक विभिन्न गाडीहरु भाडामा लिई भएको खर्चलाई नियमित गर्नुपर्दछ ।</td><td>२२८७७००.००</td></tr>
<tr><td>३२.</td><td></td><td><u>पदाधिकारीको वढी तलवः-</u> स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वधि ऐन, २०७५ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवावाट अवकास लिई त्यस्तो वा तहवाट निवृतिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिले मासिक पारिश्रमिकको ५०% मात्र रकम पाउने व्यवस्था छ । नगरपालिकाको देहायका पदाधिकारी सेवा निवृत भै निवृतिभरण पाईरहेको अवस्थामा ऐनको व्यवस्था वमोजिम ५०% मात्र पारिश्रमिक लिनुपर्नेमा शतप्रतिशत नै पारिश्रमिक भुक्तानी भएको छ । ५०% ले हुने रु. ४८०००।- बढी भुक्तानी भएकोले असूल गरी स्थानिय संचित कोष दाखिला गर्नुपर्दछ ।
<table>
<tr><td>पदाधिकारीको नाम /पद</td><td>मासिक प्राप्त गर्नुपर्ने रु</td><td>मासिक भुक्तानी भएको रु</td><td>बढी भुक्तानी (मासिक)</td><td>कुल बढी भुक्तानी रु (बार्षिक)</td></tr>
<tr><td>नगर सभा सदस्य श्री जपदेव भट्ट</td><td>३०००.००</td><td>६०००.००</td><td>३०००.००</td><td>३९०००.००</td></tr>
<tr><td>नगर सभा सदस्य श्री जयदेव भट्ट</td><td colspan="3">पुनः ३ महिनाको छुट भनि बढी खर्च लेखेको रु.</td><td>९०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>४८०००.००</td></tr>
</table></td><td>४८०००.००</td></tr>
<tr><td>३३.</td><td></td><td><u>विपद व्यवस्थापन कोष</u> :- नगरपालिकाले यस कार्यक्रम अन्तर्गत रु. ३८,४५,०००।- वजेट विनियोजन गरी रु. २५,५०,३२५।- खर्च गरेको छ । कोषको छुट्टै आय व्यय विवरण तयार गर्नुपर्दछ । विनियोजित वजेटलाई कोषको आम्दानीको रुपमा जनाई कोषको</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च गर्नुपर्नेमा कार्यविधि तथा कार्य योजना तयार नगरी खर्च भएको छ । कोषको छुट्टै आय व्यय विवरण तयार गर्ने, कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td></td><td><u>आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन:</u> स्थानिय सरकार संचालन  ऐन २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दाअगावै असूल फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक लेखापरीक्षकले औल्याएको बेरुजुहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्नेमा फछ्र्यौट गरेको छैन ।  देहायका बेरुजु प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th></tr>
<tr><td>२३९/२०७६।०२।१७</td><td>आत्महत्या न्यूनिकरण तालिम पेश्की फछ्र्यौट गर्दा प्रशिक्षकहरु डा. प्रदिप मानन्धर,डा. नरेन्द्र सिंह ठगुन्ना र ज्योत्सना डाँगीलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा हवाईजहाज टिकट काठमाडौंबाट धनगढी र धनगढीबाट काठमाडौंको दोहोरो भुक्तानी भएकोमा श्रेस्तामा धनगढीबाट काठमाडौं जाँदाको बोडिङ्ग पास श्रेस्तामा नदेखिएकाले यसरी कार्यक्रम संचालन वापत अमिन राकेश दयालको पेश्की फछ्र्यौट भएको देखियो । यसरी बोडिङ्ग पास विना नै हवाईजहाजको टिकट वापत अग्रिम भुक्तानी लिएको रकम रु १५,०००।- प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।</td></tr>
</table></td><td>१५०००.००</td></tr>
<tr><td>३५.</td><td></td><td><u>पेश्की:-</u> आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार कार्यालयले कुनै कर्मचारी, व्यक्ति, संस्था, समितिलाई नियमानुसार पेश्की भुक्तानी गर्दा पेश्की लेजरमा अभिलेख राख्नु पर्दछ । पेश्की रकम विल भर्पाई सहित प्राप्त भएमा फछ्र्यौट गरि बाँकी रकम, पेश्की बाँकी विवरण म.ले.प.नं. १४ मा उल्लेख गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश्की लेजर राखेको छैन । यसबाट सवै पेश्की कारोवारको पेश्की र फछ्र्यौट बाँकी विवरण यथार्थ छ भन्न सकिएन । कार्यालयले पेश गरेको पेश्की बाँकी विवरण अनुसार देहायको पेश्की देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><th>ब.उ.नि.श.</th><th>मिति</th><th>शिर्षक</th><th>पेश्की लिने</th><th>रकम</th></tr>
<tr><td>८०१३६८३</td><td>२०७६।०२।२६</td><td>वितिय समानिकरण ( चालु)</td><td>१ नं. वडा कार्यालय मेलौली</td><td>२५००००.००</td></tr>
<tr><td>८०१३६८३</td><td>२०७६।०२।२६</td><td>समपुरक कोष</td><td>प्रमोद कन्सट्रक्सन वैतडि</td><td>७०००००.००</td></tr>
<tr><td></td><td></td><td colspan="2">पूजिगत खर्च तर्फको</td><td></td></tr>
<tr><td></td><td>२०७५।०९।१५</td><td colspan="2">रोशन वहादुर चन्द (सडक सर्भे पेश्की)</td><td>६५००००.००</td></tr>
<tr><td></td><td>२०७५।०९।</td><td colspan="2">हडिना आर. सि. सि. पुल निउस</td><td>६०००००.</td></tr>
</table></td><td>४४,६५,५००।-</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | २५ | | ०० |
| | २०७५।०९।२५ | घट्टिगाड  आर. सि. सि. पुल निउस | ४५००००.०० |
| | २०७५।११।१७ | नेत्रज्योति आविलाई भवन निर्माण उस | २०००००.०० |
| | २०७५।११।१७ | बेताल बाल विकास केन्द्र जमाडी निउस | ९४०००.०० |
| | २०७५।११।१७ | द्वारिका देवी चन्द ठकुरानी स्मृति प्रतिष्ठान | ९४०००.०० |
| | २०७५।११।१७ | चन्द्रपुर आवि भवन निर्माण उस | ३१००००.०० |
| | २०७५।११।१९ | पन्चकर्म भवन निउस | ३१०००.०० |
| | २०७५।११।२१ | सुर्नैया खोला जलविद्युत आयोजना मे.न.पा. २ सलेना | ३८२०००.०० |
| | २०७५।१२।१६ | सहिद कृष्ण पुजारा अक्षय कोष | ६००००.०० |
| | २०७६।०२।०९ | सहिद मिनवहदुर चन्द प्रतिष्ठान भवन मर्मत र फर्निचर नि | १२४०००.०० |
| | २०७६।०२।०९ | जर्कु शिव मन्दिर फिल्ड निर्माण योजना | ४७५००.०० |
| | २०७६।०२।१४ | शिवालय घेरावार निउस | १४१०००.०० |
| | २०७६।०३।०४ | खर्की गैरडाडा खा. पा. उ. स. | १४२०००.०० |
| | २०७६।०३।०४ | शारदा आ. वि. फिल्ड निर्माण | १९००००.०० |
| | | जम्मा | ४४६५५००.०० |

३६.

**<u>सामाजिक सुरक्षा कार्यक्रम</u>**

**<u>ज्येष्ठ नागरिक दीर्घ सेवा सशर्त अनुदानः</u>-** नेपाल सरकारले स्थानिय तहलाई सशर्त अनुदानमा खर्च नभई बाँकी रकम संघिय कोषमा फिर्ता पठाउनुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाको ज्येष्ठ नागरिक दीर्घ सेवा शिर्षकमा रु. ४,२७,२०,०००।- निकासा र भई खर्च रु ४,२६,२२,०००।- भई बाँकी रु. ९८,०००।- रहेको देखियो । उक्त रकम

<table>
<tr><td></td><td></td><td>संघिय कोष फिर्ता गर्नुपर्नेमा गरेको देखिएन । उक्त रकम संघिय कोष फिर्ता गर्नुपर्दछ ।</td><td>९८,०००।-</td></tr>
<tr><td>३७.</td><td></td><td>नगद वितरण:- कार्यालयले ज्येष्ठ नागरिक दीर्घ सेवाको रकम वितरण गर्दा लाभग्राहीको बैंकमा खाता खोली बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था लागु गरेको छ । कार्यालयले बैंक मार्फत वितरण नगरी वडा सचिव मार्फत नगद वितरण गरेको विल भर्पाई पेश हुन आएको छ । नियमको पालना गरी ज्येष्ठ नागरिक दीर्घ सेवाको रकम बैंक मार्फत वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td></td><td>प्रदेश विशेष अनुदान<br>कार्यसम्पन्न प्रतिवेदन:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्यालयले निर्माण कार्य सम्पन्न भएपछि त्रुटी सच्याउने दायित्वको अवधि सकिए पछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेश विशेष अनुदान शिर्षकमा वजेट रु. ४२,००,०००।- निकासा र खर्च रु. १५,१७,१०१।- भएको छ । सलेना नैतेश्वर भूमिराज समैजी कृषि सडक मेलौली २ का लागी सम्झौता मिति २०७६।०३।१० सम्पन्न गर्नुपर्ने मिति २०७६।०३।२२ उल्लेख गरेकोमा लागत स्टीमेट, कार्य सम्पन्न भएको नदेखिएकोले म्याद थप पनि नभएको, कार्य सम्पन्न पनि नगरेकोले काम सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुर्दछ ।</td><td>१५,१७,१०१।-</td></tr>
<tr><td>३९.</td><td></td><td>मूल्य अभिवृद्धिकर :- संघिय सरकारले आर्थिक ऐन २०७६ मा २०७६।०२।१५ देखी लागू हुनेगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेतासंग कारोवार गर्दा मू.अ.कर सहितको विल रकम भुक्तानी गर्दा मू.अ.करको ५०% बिक्रेतालाई भुक्तानी दिने र ५०% मू.अ.कर कार्यालयले दाखिला गर्नुपर्ने व्यवस्था लागु गरेको छ । कार्यालयले यो व्यवस्थाको पालना गरेको छैन । कार्यालयले शतप्रतिशत मू.अ.कर बिक्रेतालाई नै भुक्तानी गरेको छ । अत देहाय वमोजिम रु. ६,५२,०३८।- मू.अ.कर दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>विक्रेताको नाम, ठेगाना</td><td>विल रकम</td><td>१३% मू.अ.कर रकम</td></tr>
<tr><td>१/२०७६।०३।३१</td><td>नेत्रेश्वर भूमिराज समैमजी कृषि सडक गंगेश्वर बेताल निर्माण सेवा</td><td>१००००००.००</td><td>१३००००.००</td></tr>
<tr><td>१/२०७६।०२।३१</td><td>नगर स्टेडियमको डि.पि.आर. वापत केनन सिकिल प्लान्चर प्रा.लि.</td><td>१०४६८००.००</td><td>१३६०८४.००</td></tr>
<tr><td>१/२०७६।०३।१२</td><td>सार्वजनिक निर्माण वापत न्यू केदारेश्वर निर्माण सेवा</td><td>११३७३९३.००</td><td>१४७८६१.००</td></tr>
<tr><td>१/२०७६।०३।२७</td><td>सुर्नैया खोला जलविद्युत आयोजना निर्माण वापत</td><td>९६०४४३.००</td><td>१२४८५८.००</td></tr>
<tr><td>१/२०७६।०३।१९</td><td>स्टेडियम निर्माण न्यू केदारेश्वर प्रा.लि.</td><td>५७५०३४.००</td><td>७४७५४.००</td></tr>
</table></td><td>६५२०३८.००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>१/२०७६।०३।०५</td><td>कार्यालय सामान वापत वासुलिङ्ग प्रिन्टर्स</td><td>२९६०१०.००</td><td>३८४८१.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५०१५६८०</td><td>६५२०३८.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०.</td><td></td><td>विल भर्पाईः- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा कार्यालयले कुनै रकम भुक्तानी गर्दा विलभर्पाई समेत जाँच गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले विशेष अनुदान केन्द्र(संघ) कार्यक्रम अन्तर्गत मेलौली नगर स्टेडियम डि.पि.आर. वापत केनन सिकिल प्लान्चर प्रा.लि. को विल नं. ०१०/२०७६।०२।१६ को विल रकम रु. १०,४६,८००।- मू.अ.कर रु. १,३६,०८४।- समेत रु. ११,८२,८८४।- भुक्तानी गर्दा सक्कल विल वेगर भुक्तानी गरेको छ । कार्यालयले सक्कल विल वा उक्त मू.अ.कर आन्तरिक राजश्व कार्यालय दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।</td><td>११,८२,८८४।-</td></tr>
<tr><td>४१.</td><td></td><td>घर वहाल करः- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आफ्नो नगर क्षेत्रभित्र को घर वहाल कर नगरपालिकाले उठाई आन्तरिक आम्दानी वृद्धि गर्न सक्ने व्यवस्था छ । कार्यालयले घर वहाल कर उठाई संघिय सरकारमा दाखिला गरेको देखियो । यसबाट नगरपालिकाको आम्दानी घटी हुन गई जनताको विकास निर्माणमा असर गरेको छ । यसको केही उदाहरण तपसिल अनुसार प्रस्तुत गरिएको छ । अतः नगरपालिकाको घर वहाल कर उठाई आम्दानी वढाउनुपर्दछ ।
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>शिर्षक</td><td>रकम</td><td>१०% वहाल कर</td></tr>
<tr><td>३६/२०७५।०७।११</td><td>घर भाडा भुक्तानी</td><td>१८००००.००</td><td>१०८००.००</td></tr>
<tr><td>२०९/२०७६।०२।१४</td><td>घर भाडा भुक्तानी</td><td>९९०००.००</td><td>९९००.००</td></tr>
<tr><td>१८८/२०७६।०२।०९</td><td>घर भाडा भुक्तानी</td><td>२३०००.००</td><td>२३१०.००</td></tr>
<tr><td>२३३/२०७६।०२।१७</td><td>मेलौली महोत्सव</td><td>५०००००.००</td><td>३०७५०.००</td></tr>
<tr><td>३३३/२०७६।०३।१८</td><td>प्रहरी पोष्ट सलेनाको भाडा</td><td>१८००००.००</td><td>१८०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९८२०००.००</td><td>७१७६०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td></td><td>सडक वोर्डः- सडक वोर्ड शिर्षकमा गत वर्षको जिम्मेवारी नभएको यस वर्षको निकासा रु. ३३,५५,१३७- गरी जम्मा आम्दानी रु. ३३,५५,१३७- भएको र खर्च रु. ३२,४४,१९७- भई मौज्दात रु. १,१०,९४०।- बाँकी देखिन्छ । आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रकम सडक वोर्ड फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको नदेखिएकोले उक्त रकम फिर्ता गर्नुपर्दछ ।<br>साथै नगरपालिकाले समपुरक अनुदान राख्नुपर्नेमा राखेको देखिएन ।</td><td>१,१०,९४०।-</td></tr>
</table>

<table>
<tr><td>४३.</td><td></td><td>कर कट्टी:- आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार लाग्ने कर अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रम को कार्यालय सामान वापत एन.सि.एस. धनगढी लाई रु. १,०३,६००।- भुक्तानी गर्दा अग्रिम कर वापत ( १.५) रु. १,५५४।- कट्टी गर्नुपर्नेमा रु. ४१०।- मात्र कट्टा गरेकोले घट्टी कर कट्टी भएकोले नपुग रकम सम्वन्धित फर्म वाट असुल गरी दखिला गर्नुपर्दछ ।</td><td>१,१४४।-</td></tr>
<tr><td>४४.</td><td></td><td>बढी भुक्तानी :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा कार्यालयले कुनै रकम भुक्तानी गर्दा विलभर्पाई समेत जाँच गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले देहाय अनुसार योजनामा बढी भुक्तानी भएको देखिएकोले सम्वन्धित बाट असुल गरी दाखिला गर्नुपर्दछ ।<br>
<table>
<tr><td>गो.भौ.नं./ मिति</td><td>विवरण</td><td>भुक्तानी गर्नुपर्ने रकम</td><td>भुक्तानी भएको रकम</td><td>बढी रकम</td></tr>
<tr><td>८/२०७६।३।२२</td><td>छोया धेउडी सिंचाई कुलो मर्मत उ.स.</td><td>४७१३०.००</td><td>४९६३०.००</td><td>२५००.००</td></tr>
<tr><td>९/२०७६।३।२२</td><td>गाडदेउ सिंचाई कुलो मर्मत उ.स.</td><td>४७१३०.००</td><td>४९६३०.००</td><td>२५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९४२६०.००</td><td>९९२६०.००</td><td>५०००.००</td></tr>
</table></td><td>५०००.००</td></tr>
<tr><td>४५.</td><td></td><td>आम्दानी<br>आयको लेखाङकन :- नगरपालिकाले विभिन्न श्रोतबाट प्राप्त हुने आम्दानीको श्रोत समेत खुल्ने गरी गोश्वारा भौचर खडा गरी आम्दानीको बैंक नगदी किताब तयार गर्नुपर्दछ । नगद प्राप्त भएकोमा नगदी रसिद मार्फत कारोबार गरी प्राप्त रकम तुरुन्त बैंक दखिला गर्ने, बैंकमा जम्मा भएको रकमको हकमा बैंक भौचर प्राप्त गरी सो को नगदी ....... काटी हिसाब मिलान गरी अभिलेखाङ्कन गर्नुपर्दछ । नगरपालिकाले आम्दानीतर्फ बैंक नगदी किताब तयार गरेको छैन । नगदी रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । यो वर्ष आम्दनी रु. ३१,२७,३९४३।- गरेकोमा सो को अभिलेख तयार गनुपर्दछ । नगरपालिका संग व्याक हु लोडर (JCB) र ट्रिपर रहेको अवस्थामा सो हेभी मेशिनको भाडा निर्धारण गरी आयश्रोत वृद्धि गर्नुपर्नेमा नगरपालिकाले सो वापत कुनै भाडा रकम प्राप्त गरेको देखिएन । आम्दानीको श्रोत वढाउने र खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

## नगरपालिकाको सञ्चित कोष विवरण

**अनुसूची १**

**२०७५।७६**

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | मेलौली नगरपालिका | वैतडी | ५०८३३ | ८६००० | ३१३५७२ | ३१२७ | ४०२६९९ | ७८५३२ | १०७२४८ | २१६१४१ | ४०१९२१ | ५१६११ |

**अनुसूची २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

२०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | जम्मा |
| | | सै. | ल. | | सै. | ल. | | सै. | ल. | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | |
| १ | मेलौली नगरपालिका | २५ | २७ | ७९७५० | ० | ५ | ४३१९० | २५ | २२ | ३६५६० | ७५२ | २३२१२ | ८१३१ | ० | ० | ३१३४३ | ० | ४४६५ | ४४६५ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

२०७५।७६ (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेलौली नगरपालिका | वैतडी | ३२२४२ | १००१८ | २२२२४ | ० | ३६५६० | ५८७८४ |